## शैक्षिक परामर्श सेवा सम्बन्धि अत्यन्त जरुरी सूचना

IDP Education Student Services Pvt Ltd नामको संस्थाले बिना अनुमति आगामी अगष्ट १ देखि शैक्षिक परामर्श सेवा सञ्चालन गर्ने भनी पत्रकार सम्मेलन गरी प्रचार प्रसार गरेका प्रति यस मन्त्रालयको ध्यानाकर्षण भएको छ । शैक्षिक परामर्श सेवा, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षाका सेवाहरू सञ्चालन गर्ने संस्थाले प्रचलित ऐन नियमका अतिरिक्त शिक्षा ऐन (आठौं संशोधन) २०२८ र शैक्षिक परामर्श सेवा तथा भाषा शिक्षण सम्बन्धी निर्देशिका २०७३ को व्यवस्थाबमोजिम शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट सेवा सञ्चालन अनुमति लिएर मात्र कम्पनीको उद्देश्यअनुसारका सेवाहरू सञ्चालन गर्नुपर्ने हुन्छ । तर यस्तो कानूनी प्रावधान विपरीत उक्त संस्थाले प्रचार प्रसारसहित आफ्नो सेवा सञ्चालन गर्न खोजेको देखिएको छ ।

विदेशी लगानीमा साना उद्योगको रूपमा शैक्षिक परामर्श सेवा सञ्चालन गर्न खोजेको उक्त IDP Education Student Services Pvt Ltd ले कम्पनी रजिष्टार कार्यालयमा संस्था दर्ता गराएको देखिन्छ । स्मरणीय छ कि, कम्पनी दर्ताको प्रमाण पत्रमा स्पष्ट रूपमा “कम्पनी संस्थापनलाई मात्र कम्पनीको उद्देश्य कार्यान्वयन गर्ने इजाजत प्रदान गरिएको नमानिने हुनाले कानूनअनुसार लिनुपर्ने अनुमति सम्बन्धित निकायबाट लिएर मात्र कम्पनीको उद्देश्यअनुसार कारोवार गर्नु पर्ने छ” भनी उल्लेख गरिएको छ । उद्योग बिभाग प्रदान गरेको स्वीकृति पत्रको विशेष शर्तको पहिलो बुँदामा नै “Education Consultancy सेवा सञ्चालन गर्नु पुर्व शिक्षा मन्त्रालय/शिक्षा बिभागको स्वीकृति लिनु पर्नेछ” उल्लेख गरिएको छ। साथै शिक्षा ऐन (संशोधन सहित) २०२८ को दफा १६ (ढ) मा “कसैले पनि यस ऐनबमोजिम अनुमति नलिइ शैक्षिक परामर्श सेवा, ब्रिज कोर्ष, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै पनि शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन” भन्ने व्यवस्था रहेको छ । उल्लिखित व्यवस्था र कानूनी प्रावधानहरू अनुसार उक्त संस्थाले यस मन्त्रालयबाट शैक्षिक परामर्श सेवा सञ्चालन गर्ने अनुमति नलिएको व्यहोरा सम्बन्धित सबैका लागि जानकारी गराइन्छ । त्यसरी शैक्षिक परामर्श सेवा सञ्चालन अनुमति बेगर नै सेवा सञ्चालन गर्न खोजिएको उक्त संस्थाबाट सेवा नलिन सम्पूर्ण अभिभावक तथा विद्यार्थीहरू लाई सूचित गरिन्छ। साथै बिना अनुमति सेवा सञ्चालन नगर्न उक्त संस्थालाई पनि यसै सूचनाद्वारा जानकारी गराइन्छ । यस सूचनाको अवज्ञा गरी बिना अनुमति शैक्षिक परामर्श सेवा सञ्चालन गरेमा प्रचलित कानून बमोजिम कारवाही हुने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।